# शंकरापुर नगरपालिका

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण प्रतिवेदन

आर्थिक बर्ष २०८०/०८१

# भाग – १

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको अवधारणा

### १.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैंगिक विभेद अन्त्य गरी समानुपातिक क समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यस्था गरिएको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यस्था गरेको छ ।

संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, जाति, वर्ग, शारीरक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्थाका व्यक्ति, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारी आस्था वा यस्तै अन्य कुनै आधारमा विभेद नगर्ने व्यस्था उल्लेख छ । साथै संविधानमा राज्यले सामाजिक सांस्कृतिक दृष्टिले पछडिएका महिला, दलित, आदिवसी,  मधेशी, थारू, मुश्लिम, उत्पतिको आधारमा,अल्पसंख्यक  सीमान्तकृत, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, असहाय, पछाडि पारिएका लगायत विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि कानून बमोजिम विशेष व्यस्था गर्ने सक्ने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसाथ गरिएको छ ।

नेपालको संविधान २०७२, मानव अधिकार सम्बन्धि घोषणापत्र, महिला अधिकार सम्बन्धी घोषणापत्र, बालअधिकार र आदिबासी जनजाति सम्बन्धि अन्तर्राष्ट्रिय घोषणापत्रहरु र यी क्षेत्रहरुमा कार्य गर्नको लागि गरिएका विभिन्न महासन्धीहरु र नेपालका अन्य ऐन, नियम र कानुनी व्वस्थाहरुलाई आधारमानि उक्त प्रावधानहरुलाई स्थानीय तहहरुमा कार्यान्वियनको अवस्थाको मापन गर्ने अभिप्रायले नेपाल सरकार, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) तयार गरी स्थानीय तहहरुमा यसको कार्यान्वयनको लागि निर्दशन गरेको छ जस अनुसार यस शंकरापुर नगरपालिकाले लैससास परीक्षण गरिएको हो ।

## १.२ लैससास परीक्षणको महत्व

लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवाल नेपालको लागि महत्वपूर्ण रहेको महसुस गरिएकोले लैससासको अवधारणा सबै स्थानीय तहहरुमा लागु गर्न प्रयास गरिएको छ । नेपाली समाजमा लैंगिक बिभेदले महिला, पुरुष र अन्य लिंगको आधारमा सामाजिक बिभेद देखिएको र फरक मूल्य मान्यताहरु ब्याप्त भएको अवस्था छ । यस्तै बर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा बिभेदहरु महसुस गरिएको छ । यी बिभेदहरुको बिरुद्धमा नेपाल सरकारले संबिधान तथा बिभिन्न कानुनी ब्यवस्था गरी लागु गरेको छ । कानुन अनुसार यी विभेदहरु दण्डनीय छन तैपनि समाजमा अझै यस्ता विभेदहरु भने रहिरहेको हामी पाउँछौ । यस कारण सरकारले लैंगिक तथा सामाजिक बहिष्करणको अन्त्यका लागि विभिन्न नीति लिएको हो ।

स्थानीय तहहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरी समतामूलक समाजको स्थापना गर्ने कार्यमा यस लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्वपूर्ण भूमिका रहेको छ । स्थानीय तहहरुमा लैंगिक समता र सामाजिक समावेशीकरण प्रवर्द्धनका कार्यहरु के कति भएका छन् भन्ने कुराको निर्क्यौल गर्ने कार्य यस परीक्षणबाट हुने भएकोले यो एक उपयूक्त विधिको रुपमा रहेको छ । यस विधिले विषेशतः स्थानीय तहहरुले नीति कानुन र योजना तर्जुमा गर्दा लैंगिक संवेदनशिलताको दृष्टीकोणले गरेको छ छौन अथवा योजनामा लैंगिकताका सवालहरु अवस्था कस्तो रहेको छ ? स्थानीय तहहरुको संस्थागत संरचनामा लैससासको अवस्था कस्तो छ ? जनशक्ति नियूक्ती र जनप्रतिनिधिको व्यवस्थामा लैससासको रणनीतिक प्रयोगको अभ्यास कस्तो छ र सहभागिता र निर्णय प्रक्रियामा के कसरी लैंगिक संवेदनशिता अपनाइको, सेवा प्रवाहको क्रममा लैससासको अवधारणालाई कसरी कार्यान्वयन गरिएको छ ? स्थानीय तहको सेवा प्रवाहले महिला तथा विपन्न समुदायमा कस्तो प्रभाव परेको छ ? सुशासनका अभ्यासहरुको अवस्था के छ ? सुशासनमा लैससासको कार्यान्वयन कस्तो छ ? यी कुराहरुको परीक्षण गरिने हुदाँ स्थानीय तहले नियमित लैससास परीक्षण गर्नु आवश्यक हुन्छ ।

लैससास परीक्षणले स्थानीय तहहरुमा बिगतका बर्षहरुमा कार्यालयबाट हुने सबैखाले सेवा प्रवाहमा लैससासको कार्यान्वयनको अवस्थाको चित्रण गर्नुका साथै उक्त क्षेत्रको सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान हुने भएकोले आगामी दिनहरुमा के कस्ता पहलहरु गर्ने भन्ने बारेमा नीति, योजना, कार्यक्रमहरु तयार गर्न सहज हुनेछ । स्थानीय तहका नीति, कानुन तथा योजनाहरु, संस्थागत संरचना, जनशक्ति ब्यवस्था र क्षमता विकास, सेवा प्रवाह, सुशासनका क्रियाकलापहरुमा लैंगिक उत्तरदायी तथा समावेशी दृष्टिकोणको कार्यान्वयन गरी समतामूलक समाजको निर्माणको अपेक्षा गरिएको छ ।

## १.३ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु

नेपालको संबिधान २०७२ र सम्बन्धित ऐन, नियम, कार्यबिधिहरु र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरु र महासन्धीहरु जस्तै मानव अधिकार सम्बन्धि घोषणापत्र, बेईजिङ घोषणापत्र १९९६, बालअधिकार सम्बन्धि महासन्धी १९८९, महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजना आदिको कार्यान्यनको बाध्यात्मक ब्यवस्थाहरु रहेका छन्।

नेपालको संबिधान २०७२ ले नागरिकहरुको आधारभूत अधिकारहरुलाई सूनिश्चित गर्ने ब्यवस्था गरेको छ। संबिधानको धारा १८ मा समानताको हकको ब्यवस्था भएको छ जसले प्रत्येक ब्यक्तिलाई समान कानुनी हैसियतको अधिकारको सूनिस्चित गरेको छ। सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणवाट बञ्चित नगरिने तथा सामन्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने ब्यवस्था गरेको छ। सामाजिक वा साँस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भ अवस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा बिपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण सशक्तिकरण वा बिकासको निम्ति बिशेष ब्यवस्था गर्न सकिने ब्यवस्था गरिएको छ।

संबिधानको धारा ३८ मा महिलाको हकको ब्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सूनिस्चित गरेकोको छ। प्रत्येक महिला सूरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न बनाएको छ। महिलालाई धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचनलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाईने छैन। यी कार्यहरु कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउँने अधिकारको ब्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा सहभागि हुने अधिकार सूनिस्चित भएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सूरक्षामा सकारात्मक बिभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हकको ब्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको जस्ता व्यवस्थाहरु विशेषत लैसासस संवेदनशिल रहेका छन्। त्यसैगरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिका/नगरपालिकाको काम, कर्तब्य र अधिकारमा लैससास सम्बन्धी ब्यवस्था रहेको छ। त्यस्तै वडा समितिको काम,

कर्तब्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा समाजिक रुपमा अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने बिभिन्न समुदाय बिचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल बिवाह, बहुबिवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, जस्ता समाजिक कुरीति, र अन्धबिश्वासको अन्त्य गर्ने गराउँने ब्यवस्था गरेको छ । साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडि पारिएका वर्गको सहभागिता गराउँने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडि पारिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने साथै यस्ता विषयहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन र कार्यान्वयनमा जोड दिएको छ ।

## १.४ लैससास परीक्षणका उद्देश्यहरु

स्थानीय तहहरुमा लैससास परीक्षण गर्नुको मुख्य उद्देश्य स्थानीय तहहरुमा लैंगिकता आधारमा गरिने वा हुने गरेका विभेदहरुको अन्त्य गरी राज्यले उपलब्ध गराउँने सेवा सुबिधा र संरक्षणमा सबैको समान पहुँचको अवस्थालाई परीक्षण गरी सबैको लागि उपयुक्त नीति, कार्यक्रम, बजेट लागु गर्ने कार्यमा सुझावहरु उपलब्ध गराउँने हो ।

**विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् :**

क) लैससास परीक्षण मार्फत स्थानीय तहको नीति, कानुन, संस्थागत संरचना, जनशक्ति र क्षमता विकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा पछाडि पारिएका व्यक्ति र समुदायहरुको मूलप्रवाहिकरण र सशक्तिकरणको अवस्था मापन गर्ने ।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरुमा लैंगिक समानता तथा समाजिक समावेशीकरणको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान गर्ने ।

ग) सुधार गर्नु पर्ने पक्षकहरुको पहिचान पश्चात सो को कार्यान्वयनको लागि कार्ययोजना तयार गर्ने ।

घ) स्थानीय तहले सम्पादन गर्ने सबै क्रियाकलापहरुमा लैससास संवेदनशितालाई संस्थागत गर्दै लैजान आधारहरु प्रस्तुत गर्ने ।

# भाग – २

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि

## २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार लैससास परीक्षणमा स्थानीय तहहरुको नीति,कानुन र योजना तर्जुमा प्रक्रिया देखि संस्थागत व्यवस्था,जनशक्ति र सेवा प्रवाहसम्मका पाँचबटा मूल विषयबस्तुहरु तोकिएको छ । यस कार्यविधि अनुसार गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो स्थानीय तहको लैससास परीक्षणमा देहायका पाँच मुल विषयहरु वा क्षेत्रहरु समेटेर गर्नु पर्दछ:

क) नीति कानुन र योजना

ख) संस्थागत व्यवस्था

ग) मानव संसाधन र क्षमता विकास

घ) सेवा प्रवाह

ङ) सुशासन तथा उत्तरदायित्व

## २.२ लैससास परीक्षणको विधि र तरीका

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार स्थानीय तहहरुको लैससास परीक्षण हरेक आर्थिक वर्षमा नियमित रुपमा गर्ने र सोही अनुसार स्थानीय तहको नीति योजना तथा बजेट तर्जुमाको चरणदेखि नै लैससास मुलप्रवाहिकरण गर्नु पर्ने छ । यो परीक्षण सहभागितामूलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धानमूलक विधिवाट सम्पादन गरिएको छ ।

यस नगरपालिकाको लैससास परीक्षणको लागि उपप्रमुख ज्यु को संयोजक्तोमा ५ सदस्यी कार्यदल गटन गरेको थियो। सोही कार्यदलको नेतृत्वमा लैससास परीक्षण सम्पन्न भयो । यस कार्यदल अन्तरगत ५ विषयगत लैससास परीक्षण कार्य-समुहहरु तयार गरियो । यी कार्य-समुहहरुमा जनप्रतिनिधिहरु तथा कर्मचारीको संलग्नता रहेको थियो। जसमा महिला र पुरुषहरुको सहभागितालाई पनि उपलब्ध भएसम्म समावेशी बनाईएको थियो । ती कार्य-समुहहरुलाई प्राविधिक सहयोग तथा आवश्कय समन्वय गर्नका लागि एक जना लैससास विज्ञ नियुक्त गरि देहायका परीक्षण विधिहरु अपनाइएको थियोः

### २.२.१ दस्तावेज समिक्षा

लैससास परीक्षणको लागि हालसम्म यस नगरपालिकाले तयार गरेका विभिन्न दस्तावेजहरु जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, वार्षिक योजना तथा बजेट,वार्षिक प्रतिवेदनहरु, आर्थिक प्रतिवेदनहरु, चौमासिक र वार्षिक समिक्षा प्रतिवेदन, विकास वुलेटिन, नगर प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु आदिको लैससासको दृष्टिवाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो। पुनरावलोकन गरिएका दस्तावेजहरु यस प्रकार रहेका छनः

- मस्यौदा आवधिक विकास योजना
- वार्षिक योजना चालु वा गत आ ब को
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति
- LISA को प्रतिवेदन – गत आ ब को
- नगरपालिकाले न्याय सम्पादन कार्यविधि, २०७४
- वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण ऐन,२०७७
- विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७६
- शिक्षा नियमावली २०७४
- कृषि विकास सेवा सम्बन्धि कार्यक्रम संचालन कार्यविधि २०७७
- आर्थिक ऐन, विनियोजन ऐन
- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा व्यवस्थापन कार्यविधी, २०७७ र बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि २०७८
- लैंगिक हिंसा व्यवस्थापन कार्यविधि २०७८
- अपाङ्गता/असहायसँग उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- ओछ्यान लागेका ज्येष्ठ नागरिकहरुलाई राहत सहयोग सञ्चालन सम्बन्धी मापदण्ड-२०७८
- मनोविमर्शसेवा केन्द्र संचालन कार्यविधि,२०७६
- अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५

### २.२.२ लक्षित समुह छलफल

लैससास परीक्षणको क्रममा यस नगरपालिकाका महिला तथा दलित सदस्यहरु लगायत समुदायका प्रतिनिधिहरुसंग लक्षित समुह छलफल गरिएको थियो। यसको लागि लैससास कार्यान्वयन सम्बन्धि प्रश्नावली तयार गरी छलफल गरिएको थियो।

### २.२.३ परीक्षण कार्यशाला

नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुसंग छलफल तथा अन्तकृया र गोष्ठीको आयोजना गरि सूचना संकलन तथा विश्लेषण गरिएको थियो।

***लैससास परीक्षण कार्यशालाका सहभागीहरु***

नगपालिकाको लैससास परीक्षण कार्यमा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु सहभागी भएका थिए ।

**तालिका १: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू**

| क्र.सं. | सहभागीहरू |
|---|---|
| १ | नगपालिका प्रमुख |
| २ | नगपालिका उपप्रमुख |
| ३ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | वडा अध्यक्षहरु |
| ५ | कार्यपालिकाका महिला सहित सदस्यहरु |
| ६ | नगरपालिकाका दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरू |
| ७ | नगरपालिकाका विषयगत शाखाका कर्मचारीहरु |

नोटः लैससास परीक्षणमा भएका सहभागीहरु अनुसूचीमा संलग्न गरिएको छ।

***परिक्षणका लागि संचालन गरिएको छलफल विधि***

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) अनुसार पाँच मूल विषयहरु अन्तरगत भिन्न २२ वटा सूचक समावेश गरिएको छ भने यसभित्र १०० वटा कार्यगत उपसूचकहरु रहेको छन्। यिनै सूचक तथा उपसूचकहरुको दायरामा रही लैससास परीक्षण सञ्चालन गरिएको हो।

छलफलमा पहिलो लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणा, संविधान, राष्ट्रिय नीति तथा अन्य प्रावधानहरु, लैससास परीक्षण सम्बन्धी व्यवस्था आदिमा अभिमूखिकरण गरियो । कार्याशालामा पाँचवटा मूल बिषयहरुको आधारमा ५ वटा लैससास बिषयगत परीक्षण कार्य-समुह गठन गरियो। यी लैससास बिषयगत परीक्षण कार्य-समुहहरुले विषयगतरुपमा सूचक र उपसूचकहरुमाथि छलफल गरी नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा

मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेशण गरी अंक दिने कार्य गरियो। लैससास सुचक तथा उपसुचकहरुमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अंकहरू दिईयो।

यसरी दिईएको अंकलाई प्रथम मस्यौदाको रुपमा लिई परीक्षणको दोश्रो चरणमा परीक्षण कार्य-समुहले नगरपालिकाको सम्बन्धित शाखाहरुमा सम्बन्धित दस्तावेजहरुको अवलोकन वा परीक्षण गरेका थिए । यस क्रममा परामर्शदाताहरुले सबै समुहहरुलाई आवश्यक सहजीकरण र सहयोग गरेका थिए। यस क्रममा सहभागितामूलक परीक्षणवाट दिईएको अंकहरु थपघट भएका थिए। उक्त समुहहरुले आफ्नो विषय क्षेत्रमा रहेका सवल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पनि खोजी गरेको थिए।

परीक्षणको तेस्रो चरणमा नगरपालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागीतामा  परीक्षणको क्रममा प्राप्त भएको अंकहरु माथि परामर्शदाताहरुवाट पूनः छलफल र मूल्यांकन गरिएको थियो। त्यस पश्चात समुहगतरुपमा सबै कार्य समुहहरुले परीक्षण गरेको नतिजाहरु प्रस्तुत गरिएको थियो । यिनै अंकहरुको आधारमा माकुरेजालोको विधिवाट नगरपालिकामा रहेको लैससास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो । सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरु समेत प्रस्तुत गरीएको थियो।

***लैससास परीक्षणका विषयक्षेत्रहरु र अंकभार***

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ (नमूना) को अनुसार कुल परीक्षण अंकभार १०० र तोकिएका ५ मूल बिषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ ।  जसभित्र २२ वटा सहायक बिषयहरु र अंकभारहरु देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका २: लैससास परीक्षणका मूख्य तथा सहायक विषय क्षेत्रहरु**

| **क्र सं** | **मूख्य तथा सहायक बिषय क्षेत्रहरु** | **अंकभार** |
|---|---|---|
| क | नीति कानुन र योजना | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | **जम्मा** | **२०** |
| ख | संस्थागत व्यवस्था | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ |
| २ | कार्यप्रणाली समावेशी | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ |

| | | |
|---|---|---|
| ५ | तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ |
| | जम्मा | २० |
| ग | मानव संसाधन तथा क्षमता विकास | |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना | ४ |
| ३ | कानुनी साक्षरता | ४ |
| ४ | विपद व्यवस्थापनमा समावेशीकरण | ४ |
| | जम्मा | २० |
| घ | सेवा प्रवाह | |
| १ | पूर्वाधार विकास | ४ |
| २ | प्रजनन स्वास्थ्य | ४ |
| ३ | शिक्षा कार्यक्रम | ४ |
| ४ | खानेपानी तथा सरसफाई | ४ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार व्वस्थापन | ४ |
| | जम्मा | २० |
| ङ | सुशासन तथा उत्तरदायित्व | |
| १ | सुशासन | ४ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ३ | सूचना तथा सञ्चार | ४ |
| ४ | अनुगमन र मूल्यांकन | ४ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ |
| | जम्मा | २० |
| | **कुल जम्मा** | **१००** |

माथि उल्लेखित सहायक विषयहरुमा जम्मा १०० वटा सूचकहरु तोकिएका छन् । हरेक सूचकको पूर्णाङ्क १ हो । यसमा स्थानीय नगरपालिकाले तोकिएका सहभागीहरुसंगको संलग्नतामा सम्बन्धित सूचकको प्रमाणहरुको आधारमा अंक प्रदान गरिएको हो । यसमा राम्रो देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अंक प्रदान गरिएको छ ।

***सबल, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौति बिश्लेषण (SWOT Analysis)***

परीक्षणको नतिजालाई माकुरेजालोमा प्रस्तुत पश्चात लैससासको विषयक्षेत्रहरु मध्ये बढी अंक प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरुमा काम भएको प्रष्ट हुन्छ । साथै कम अंक प्राप्त गरेका क्षेत्रहरुमा कमजोर पक्षहरु वा सुधार गर्नु पर्ने क्षेत्रहरु पहिचान हुन्छ । सूचक र उपसूचकहरुको बिश्लेषण गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु पहिचान गर्ने कार्य भएको छ ।

अवसर र चुनौतिहरुको हकमा परीक्षणका विषय क्षेत्रहरुको आधारमा नगरपालिकामा भएको अवसरहरु र चुनौतिहरुको बारेमा समुहगत सुझाव संकलन गरेका तथ्यहरुलाई प्रस्तुतिकरण र छलफल गरिएको थियो जसमा नगरपालिको तर्फबाट आवश्यक सूझावहरु पेश गरेको थियो।

***कार्ययोजना तयारी***

लैससास परीक्षणको क्रममा विषयगत परीक्षण गर्दा सो विषयक्षेत्रमा भित्र रहेका सबल र सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरी नगरपालिकाको हालको अवसर र चुनौतिहरुलाई मध्यनजर गरी सम्बन्धित विषय क्षेत्रमा आगामी दिनहरुमा के गर्न सकिन्छ भनि कार्ययोजना समेत तयार गरेको थियो।

# भाग – ३

# लैससास परीक्षणवाट आएका मुख्य प्राप्तिहरु

## ३.१ लैससास परीक्षणवाट प्राप्ताङ्कहरुको प्रस्तुतिकरण

यस नगरपालिकाको स्थानीय नीति, ऐन, निर्देशिका र विभिन्न नीतिगत निर्णयहरु, वार्षिक कार्यक्रम तथा बजेट,कार्यान्वयनका पक्षहरु समेतलाई लैससासको दृष्टिले सहभागितामूलक परीक्षण गर्दा देहाय अनुसारको नतिजा प्राप्त भएको छः


**तालिका ३: लैससास परीक्षणमा प्राप्त अंकहरुको विवरण**

| क्र सं | मूख्य तथा सहायक बिषय क्षेत्रहरु | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| **क** | **नीति, कानुन र योजना** | | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ | ५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ४.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३.५ |
| | **जम्मा** | **२०** | **१३** |
| **ख** | **संस्थागत व्यवस्था** | | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ | ३ |
| २ | कार्यप्रणाली समावेशी | ४ | ३.५ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ | ३ |
| ५ | तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ | ३.५ |
| | **जम्मा** | **२०** | **१५.५** |

| | | | |
|---|---|---|---|
| **ग** | **मानव संसाधन तथा क्षमता बिकास** | | |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ | ६ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना | ४ | ३ |
| ३ | कानुनी साक्षरता | ४ | ३ |
| ४ | विपद ब्यवस्थापनमा समावेशीकरण | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१४.५** |
| **घ** | **सेवा प्रवाह** | | |
| १ | पूर्वाधार विकास | ४ | ३ |
| २ | प्रजनन स्वास्थ्य | ४ | ३.५ |
| ३ | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| ४ | खानेपानी तथा सरसफाई | ४ | ३.५ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन | ४ | ३ |
| | **जम्मा** | **२०** | **१६.५** |
| **ङ** | **सुशासन तथा उत्तरदायित्व** | | |
| १ | सुशासन | ४ | ३.५ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ |
| ३ | सूचना तथा सञ्चार | ४ | ३ |
| ४ | अनुगमन र मूल्यांकन | ४ | २ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ३ |
| | **जम्मा** | **२०** | **१४.५** |
| | **कुल जम्मा** | **१००** | **७४** |

## ३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति

यस नगरपालिकाको लैससास परीक्षणको क्रममा मापन गरिएको सूचकहरुलाई माकुरे जालोमा राख्दा देहाय अनुसार रहेको छः




## ३.३ लैससास परीक्षणमा प्राप्त सवल र सुधार गर्नुपर्ने पक्षहरु

यस नगरपालिकाको लैससास कार्यान्वयनको अवस्थालाई निर्देशिकाले तोकेका २२ वटा सूचकहरु जस अन्तरगतका १०० वटा उपसूचकहरुमा आधारित रही परीक्षण गरिएको थियो । नगरपालिकामा लैससास कार्यान्वयनमा भएको कुरालाई प्रमाणहरुको आधारमा तीन किसिमको अवस्थामा विभाजन गरिएको छ । राम्रो अवस्था भएमा 'सवल' आंशिक कार्य भएको भएमा 'आंशिक' र कमजोर अवस्था भएमा 'कमजोर' भनी वर्गिकरण गरिएको छ जसवाट सवललाई निरन्तरता दिने,आंशिक र कमजोर रहेका सूचक

उपसूचकहरुमा नीतिगत र कार्यगत सुधारका गरि कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको रहने छ। यस नगरपालिकाको लैससास परीक्षणको विषय क्षेत्रहरुका सूचक तथा उपसूचकहरुको अवस्था र सुधार गर्नु पर्ने पक्षहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु**

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु |
|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | |
| **१.१** | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | | |
| **१.१.१** | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण भएको।<br>पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले मस्यौदाको बिषयबस्तु र शब्द चयन समावेशी नै पाईएको। | सवल<br>१ | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण गर्ने र परिचालन गर्नु पर्ने। |
| **१.१.२** | नगरपालिकाले आफ्नो नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने कार्य नगरेको। | आंशिक<br>०.५ | नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्नु पर्ने। |
| **१.१.३** | नगरपालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरु समावेश भएको। | आंशिक<br>०.५ | यस कार्यलाई बढाउँनु पर्ने। महिला बालबालिका शाखाबाट भएको कममा भने बढि समावेश भएको पाईयो। |
| **१.१.४** | नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी नीतिगत ब्यवस्था गरिएको। | सवल<br>१ | यस कार्यलाई निरन्तरता दिने। |

| | | | |
|---|---|---|---|
| १.१.५ | नगरपालिकाको ऐन नियम तथा कार्यविधिमा महिला तथा लक्षित वर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न अधिकांश प्रावधान रहेको। | आंशिक ०.५ | नगरपालिकाको ऐन नियम तथा कार्यबिधिमा महिला तथा लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु रोक्न बनेका प्रावधानहरुको समिक्षा गरी थप गर्नु पर्ने। महिला बालबालिका शाखाबाट भएको कममा मात्र समावेश भएको पाईयो। |
| १.१.६ | स्थानीय न्यायीक समितिद्वारा स्थानीय स्तरमा महिला तथा लक्षित वर्गमाथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने गरेको। | आंशिक ०.५ | कार्य योजना बनाइ कार्यान्वयन गर्नु पर्ने। |
| १.१.७ | नगरपालिकामा विभेद नभएको। महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने स्थानीय नीति लागु भएको। | आंशिक ०.५ | नीति लागु गरि यसको सुनिश्चित गर्ने |
| १.१.८ | यस्तो समस्या यस नगरपालिकामा नभएको। | सवल १ | |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | |
| १.२.१ | नगर बृहत योजना र बार्षिक नीति कार्यक्रम तथा बजेटहरुमा लैंगिक तथा समावेशी बिकासका लागि रणनीतिक कार्यक्रमहरु र मापनयोग्य उपलब्धीहरु समावेश गरेको। | आंशिक ०.५ | विगत २ वर्षको वार्षिक र आवधिक योजनामा यस्ता कार्यक्रमहरु नभएको यो गर्नु पर्ने। |
| १.२.२ | लैससास विकासको क्षेत्रमा केही कार्यक्रम तथा बजेट बिनियोजन र कार्यान्वयन भएको। उक्त समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेट ब्यवस्था भएको तर बजेटको निस्चित प्रतिशत बिनियोजन गर्ने ब्यवस्था नभएको। | आंशिक ०.५ | नगरपालिकाले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निश्चित प्रतिशत विनियोजन गर्ने ब्यवस्था गर्नु पर्ने। लैंगिक उत्तरदायी कार्यक्रम र बजेट सबै विषयगत कार्यक्रमहरुमा अनिर्वाय गर्नु पर्ने। |
| १.२.३ | योजना तर्जुमाको क्रममा बस्ती स्तरीय भेलाहरु भएको। सबै बस्तीहरुमा टोल विकास संस्था स्थापना गरी योजना तर्जुमा कार्यान्वयनमा सक्रीय गराईएको। वडास्तरको योजना गोष्ठीवाट योजनाहरु नगरपालिकामा संकलन हुने गरेको। | सबल १ | योजना तर्जुमा प्रक्रियामा बस्ती स्तरीय भेलाबाट योजना संकलन गर्ने नीतिगत व्यवस्था र कार्यान्वयन नियमित गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| **१.२.४** | वडा स्तर र विषयगत समितिमा यस विषयमा समग्रमा छलफल भएको। महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छुट्टै छलफल गर्ने कार्य भएको। | आंशिक **०.५** | लैंगिक तथा सामाजिक समावेशीकरणको बिषयमा सचेतिकरण गरी व्यवहारिक र रणनीतिक आवश्यकता पहिचानको साथै योजना तयार गर्नु पर्ने। |
| **१.२.५** | तथ्यांकको आधारमा छुट्टै बिश्लेषण गरी कार्यक्रम तयार भएको। | आंशिक **०.५** | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नु पर्ने। |
| **१.२.६** | दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने कार्यलाई सहयोगी कार्यक्रमहरु भएको तर नीतिगत रुपमा लक्ष्य ५ को स्थानीयकरण गर्ने कार्य नभएको। | आंशिक **०.५** | दिगो बिकास लक्ष्य ५ स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन गर्नु पर्ने। |
| **१.२.७** | महिला, बालबालिका तथा पछाडि पारिएका वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगेको। | आंशिक **०.५** | स्थानीय तहको योजना महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगे नपुगेको कुराको नियमित अनुगमन गर्ने र नभएमा यसको सुनिश्चितताको लागि रणनीति तयार गर्नु पर्ने। |
| **१.२.८** | आ व २०८०/८१ मा उपभोक्ता समितिहरुमा महिला तथा लक्षित समुहको प्रतिनिधित्व सहित ४० प्रतिशत भन्दा माथि सहभागिता भएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको। | आंशिक **०.५** | स्थानीय तहको योजना महिला तथा लक्षित समुहको प्रतिनिधित्व भएको सुनिश्चित गर्नु पर्ने। |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | |
| **१.३.१** | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा पहिले लक्षित वर्गका समुहहरुसंग छलफल गरी समस्याहरु केलाउँने र कार्यक्रमहरु पहिचान गर्ने गरेको। | सवल **१** | लक्षित वर्गका समुहहरुसंग प्रत्यक्ष छलफल गरी समस्याहरु केलाइ योजना तथा बजेट तयार गर्ने कार्यलाई |

| | | | |
|---|---|---|---|
| **१.३.२** | नगरपालिकाको क्षमता विकास योजना तयारी भएको तथा कार्यान्वयन भएको । लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एव परीक्षण नभएको । | सवल **१** | लैससास बजेट परीक्षण वार्षिक रुपमा हरेक आ ब को प्रथम चौमासिकमा गर्नु पर्ने ।<br>नगरपालिकाको क्षमता विकास योजना तथा कार्यान्वयन हुनु पर्ने । |
| **१.३.३** | लैससास परीक्षण नभएको ।<br>वार्षिक नीति तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिषयमा बजेट बिनियोजन भएको। | सवल **१** | लैससास  परीक्षण नियमित रुपमा गरी उक्त परीक्षणले औल्याएका सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने। |
| **१.३.४** | स्थानीय तहको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट बिनियोजन गर्ने नीति नभएको । कार्यक्रममा बजेट बिनियोजन गरी सोही आ ब मा कार्यान्वयन भएको । | आंशिक **०.५** | स्थानीय तहको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने  ऐन बनाई लागु गर्नु पर्ने । |
| २ | **संस्थागत व्यवस्था** | | |
| २.१ | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | |
| **२.१.१** | महिला प्रतिनिधित्व पदाधिकारीमा ५० भन्दा प्रतिशत र कर्मचारीमा सहभागिता न्युन भएको । | आंशिक **०.५** | नगरपालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीहरुमा महिलाहरुको समान सहभागिताको लागि नीतिगत व्यवस्था गरी लागु गर्नु पर्ने। |
| **२.१.२** | नगरपालिकाको नीति तथा कानुनमा कर्मचारी नियूक्ति गर्दा समावेशी कोटा छुट्याईएको। | आंशिक **०.५** | समवेशिता गर्नु पर्ने। |
| **२.१.३** | सोधपुछ कक्ष भएको र महिला कर्मचारी रहेको।<br><br>महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली नपाईएको। | सवल १ | महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने नीतिगत व्यवस्था गर्नु पर्ने । |
| **२.१.४** | स्थानीय स्तरमा सकारात्मक विभेद नीति तयारी र कार्यान्वयन भएको। | सवल १ | नगरपालिकाले स्थानीय स्तरमा सकारात्मक विभेद नीति तयारी र कार्यान्वयन गर्ने। |

| | | | |
|---|---|---|---|
| २.२ | **कार्यप्रणाली समावेशी** | | |
| २.२.१ | महिला समानता तथा सामाजिक समावेशीकरण बढाउँनको लागि स्थानीय तहको निश्चित नीति भएको तर कार्यनीति नभएको। | सवल १ | महिला र पुरुष बिचको असमानता हटाउँन तथा सामाजिक समावेशीकरण बढाउँनको लागि स्थानीय तहको निश्चित कार्यनीति तयारी तथा कार्यान्वयन गर्नु पर्ने। |
| २.२.२ | लैंगिक विकास डेस्क महिला बालबालिका तथा समाज कल्याण उपशाखाले जिम्मेवारी बहन गरेको।<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र परीचालन नभएको। | सवल १ | लैंगिक विकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र कार्यशर्त र जिम्मेवारी किटान सहित ब्यवस्था भएको। |
| २.२.३ | नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छैन। | सवल १ | नगरपालिका स्तरमा महिला हिंसा तथा कार्यस्थलमा हुने वा हुन सक्ने विभेद तथा हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्नु पर्ने। |
| २.२.४ | नगरपालिकामा लैससास कार्यान्वयन समिति गठन नभएको।<br>वडा तहमा योजन तर्जुमा गर्दा बस्ती भेला भएको।<br>वडामा लक्षित समुदायको सक्रीय सहभागितामा रहेको। | आंशिक ०.५ | नगरपालिकामा लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्नु पर्ने। |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | |
| २.३.१ | नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको। | आंशिक ०.५ | दिनु पर्ने। |
| २.३.२ | समिति उपसमितिहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायका सदस्यहरुले छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको। | आंशिक ०.५ | समिति उपसमितिहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायका सदस्यहरुले छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगवाट भाग लिने वातावरण बनाउनु पर्ने। |

| | | | |
|---|---|---|---|
| २.३.३ | समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी मौखिक सूझावको चलन भएको । | आंशिक ०.५ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने व्यवस्था गर्नु पर्ने । |
| २.३.४ | नीतिगत र कार्यगत सुझाव लिखितरुपमा दिने चलन नभएको कारण उक्त सूझावहरुको कार्यान्वयन सूनिश्चत गर्ने कार्य भएको । | आंशिक ०.५ | समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन नियमित गर्ने । |
| २.४ | **बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता** | | |
| २.४.१ | लैंगिक हिंसा बिरुद्ध कोष भएको र कार्यविधि समेत लागु भएको ।<br>महिला बिकास,महिला सिप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना नभएको । | सवल १ | महिला विकास,महिला सिप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गर्नु पर्ने । |
| २.४.२ | लक्षित वर्गको सशक्तिकरणको लागि बजेट बिनियोजन भएको पाईएको । | सवल १ | यस कार्यलाई बढाउने । |
| २.४.३ | नगरपालिकामा लैंगिक डेस्क र आवश्यक मानव श्रोत व्यवस्था महिला बालबालिका तथा समाज कल्याण उपशाखावाट गरिएको । | आंशिक ०.५ | नगरपालिकामा लैंगिक डेस्क र मानव श्रोत थप व्यवस्थालाई गर्नु पर्ने । |
| २.४.४ | नगरपालिकामा समावेशी सूचना प्रणालीको प्रारम्भ भएको । | आंशिक ०.५ | यस कार्यलाई बढाउनु पर्ने । |
| २.५ | **तथ्याङ्क संकलन तथा ब्यवस्थापन** | | |
| २.५.१ | नगर पार्श्वचित्रमा खण्डीकृत सूचना प्रस्तुत भएको तर यसको बार्षिक रुपमा अध्यावधिक भएको । | सवल १ | यस कार्यलाई प्रभावकारी बनाउँनु पर्ने । |

| | | | |
|---|---|---|---|
| २.५.२ | नगरपालिकामा गरीबी र बेरोजगारी तथ्यांक भएको र नक्साङकन भएको। | सवल<br>१ | निरन्तरता दिनु पर्ने। |
| २.५.३ | नगरपालिकामा आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय विकास योजना तर्जुमा गर्ने कार्य भएको छ। | आंशिक<br>०.५ | यस कार्यलाई बढाउँनु पर्ने। |
| २.५.४ | सामाजिक सूरक्षा लाभग्राही र पञ्जिकरण अध्यावधिक गरेको पाईएको। | सबल<br>१ | यस कार्यलाई निरन्तरता दिने। |
| ३. | **मानव संसाधन तथा क्षमता बिकास** | | |
| ३.१ | **मानव संसाधन तथा क्षमता बिकास** | | |
| ३.१.१ | लैंगिक तथा समावेशी विकासको लागि क्षमता बिकास कार्ययोजना तयार नभएको।<br>यसको लागि बजेट बिनियोजन र कार्यान्वयन चाही भएको। | आंशिक<br>०.५ | लैंगिक तथा समावेशी विकासको क्षमता विकास कार्ययोजना तयारी तथा लागु गर्नु पर्ने। |
| ३.१.२ | पदाधिकारी/कर्मचारीहरुले लैंगिक समावेशी विकास र लैंगिक हिंसा सम्बन्धी तालिम लिएको। | आंशिक<br>०.५ | लैंगिक समावेशी विकास र लैंगिक हिंसा सम्बन्धी तालिम नियमित गर्ने समान सहभागिताको सुनिश्चितता गर्नु पर्ने। |
| ३.१.३ | तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग हुने गरेको र महिला सम्वेदनशील सुबिधाको व्यवस्था हुने गरेको जानकारी प्राप्त भएको। | आंशिक<br>०.५ | यस कार्य बढाई नियमित गर्ने। |
| ३.१.४ | योजनामा महिला तथा लक्षित समुहको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता बिकास, नेतृत्व बिकासको तालिम, भ्रमण) भएको साथै कार्यान्वयन भएको। | सवल<br>१ | यस कार्यलाई नियमित गर्ने।<br>महिला बालबालिका शाखाबाट भएको काममा मात्र समावेश भएको पाईयो। |
| ३.१.५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय श्रोत भएको। | सवल<br>१ | निरन्तर राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका तालिमहरुमा प्रतिनिधित्व गराइ प्राप्त मानव संसाधनलाई दक्ष बनाउन जोड दिनु पर्ने। |

| | | | |
|---|---|---|---|
| ३.१.६ | मानव संसाधन विकास केन्द्र वा शाखा वा ईकाईको व्यवस्था छ ।<br>मानव संसाधन विकासको कार्य भैरहेको । | आंशिक<br>०.५ | गर्ने पर्ने साथै यसको निरन्तरता दिनु पर्ने । |
| ३.१.७ | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहेको र कार्यान्वयन भएको । | सवल<br>१ | आवश्यकता अनुसार गर्ने गरेको । गत आ व मा सञ्चालन गरेको । |
| ३.१.८ | बेईजिङ घोषणपत्रका बाहवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई अभिमूखिकरण गरेको र निजहरुलाई जानकारी भएको । | सवल<br>१ | पदाधिकारी र कर्मचारीहरुलाई बैईजिङ घोषणापत्र बारेमा अभिमूखिकरण कार्यक्रम संचालन गर्नु पर्ने । |
| ३.२ | **अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना** | | |
| ३.२.१ | महिला विरुद्ध सबैखाले हिंसा विरुद्ध कार्यक्रमहरुमा बजेट विनियोजन भई कार्यान्वयन गरेको । | सवल<br>१ | नियमित भएको कुराको सुनिश्चित गर्ने । |
| ३.२.२ | लैंगिक हिंसा निवारण सम्बन्धमा नीतिगत व्यवस्था छ ।<br>लैंगिक हिंसा रहित नगरपालिका घोषणा नभएको ।<br>महिला हिंसा बिरुद्ध सुन्य सहनशिलताको अभियान भएको । | आंशिक<br>०.५ | लैंगिक हिंसा रहित नगरपालिका घोषणाको तयारी प्रारम्भ गर्नु पर्ने ।<br>महिला हिंसा बिरुद्ध सून्य सहनशिलता नीतिगत रुपमा लागु गर्नु पर्ने । |
| ३.२.३ | राष्ट्रिय महिला अधिकार दिवसका कार्यक्रम गरिएको ।<br>१६ दिने अभियान र विशेष बहस भएको । | सवल<br>१ | महिला हिंसा अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्नु पर्ने । |
| ३.२.४ | बाल बिवाह, बहुबिवाह महिला हिंसा बिरुद्ध रेडियोवाट सूचना प्रचार प्रसार गरिएको । | आंशिक<br>०.५ | नियमित सूचना प्रचार प्रसार गर्दा उपयुक्त हुने । |
| ३.३ | **कानुनी साक्षरता** | | |
| ३.३.१ | कानुनहरु सम्बन्धी अभिमूखिकरण गरेको । | सवल<br>१ | यस्ता प्रकारका कार्यलाई बढाउँनु र नियमित गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ३.३.२ | यस्ता विषयहरुमा अभिमूखिकरण भएको। यस सम्बन्धमा बैठकहरुमा छलफल हुने गरेको। | आंशिक ०.५ | पदाधिकारी र सम्बन्धित कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया, समस्याहरुको पहिचान र कानुनीरुपमा समाधान सम्बन्धमा अभिमूखिकरण बढाउँनु पर्ने। |
| ३.३.३ | महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्वयन भएको। | सवल १ | नियमित र अनिवार्य गर्दा राम्रो । |
| ३.३.४ | कार्यक्रममा सहभागी भएका महिलाहरु लाभान्वित भएका छन्। | आंशिक ०.५ | लाभ मापन गर्नु पर्ने। अनुगम तथा मुल्याङकन लाई बढाउँनु पर्ने। |
| ३.४ | **विपद ब्यवस्थापनमा समावेशीकरण** | | |
| ३.४.१ | यसको कार्यबिधि बनाउँदा सबै सरोकारवाला पक्षहरुसंग आवश्यकतानुसार सरसल्लाह भएको। | आंशिक ०.५ | कार्यबिधि तयार गर्दा सरोकारवालासंग छलफल गरी पारित गर्ने र कार्यान्वयन गर्ने कार्यलाई बढाउनु र निरन्तरता दिने। |
| ३.४.२ | विपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वितहरुको समग्र रुपमा तथ्यांक संकलन र आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको। | आंशिक ०.५ | यसलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने। |
| ३.४.३ | विपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य भएको छ। | आंशिक ०.५ | यस कार्यमा महिला र पूरुषहरुलाई समान प्राथमिकताको आधारमा सहभागिता नियमित गराउँनु पर्ने। |
| ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना भएको। कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको। | सबल १ | कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा भएको सुनिश्चितताका लागि नियमित अनुगमा गर्नु पर्ने। |
| ४. | **सेवा प्रवाह** | | |
| ४.१ | **पूर्वाधार विकास** | | |

| | | | |
|---|---|---|---|
| ४.१.१ | हाल नयाँ भवनहरु निर्माण हुदै गरेको र पुरानो भवनहरुमा पनि बालबालिका तथा अपांगता मैत्री भएको। | आंशिक ०.५ | भवन तथा अन्य संरचनाहरुमा लैंगिक, बाल र अपांग मैत्री प्रावधान पूर्णरुपमा लागु गर्नु पर्ने। आवधिक योजना र क्षमता विकास योजनामा यो कुरा उल्लेख गरिएको पाईदैन |
| ४.१.२ | हाल नयाँ भवनहरुमा निर्माण हुदै गरेको र पुराना भवनहरुमा पनि बालबालिका तथा अपांगता मैत्री भएको। | आंशिक ०.५ | |
| ४.१.३ | निजी भवनहरुमा उक्त किसिमको संरचना बनाउँन निर्देशन दिएको भएता पनि सार्वजनिक भवनहरुमा निर्देशन दिने गरिएको। | आंशिक ०.५ | |
| ४.१.४ | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, बिभिन्न बैकल्पिक उर्जा स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहेको। | आंशिक ०.५ | यसलाई बढाउँनु पर्ने। |
| ४.२ | **प्रजनन स्वास्थ्य** | | |
| ४.२.१ | नगरपालिकाको नीति र कार्यक्रममा गर्भवती महिलालाई बिशेष हेरचाह गर्ने सम्बन्धी ब्यवस्था भएको।<br>तर गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउँने सम्बन्धी ब्यवस्था चाही नभएको। | सवल १ | नियमित गर्ने। |
| ४.२.२ | नगरपालिकाको कार्यालय, बिद्यालय, अस्पताल र स्वास्थ्य चौकीमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था भएको। | सवल १ | निरन्तर गर्ने। |
| ४.२.३ | सबै वडाहरुमा स्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रवाह गरिएको। | सवल १ | सेवा प्रभाव प्रभावकारीता अनुगम नियमित गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| ४.२.४ | नगरपालिकावाट २५ हजार जना भन्दा माथि महिला र बिपन्न बर्गको स्वास्थ्य बिमामा सहजिकरण र सहयोगका कार्यहरु भएको। | आंशिक ०.५ | बढाउँनु पर्ने। |
| ४.३ | **शिक्षा कार्यक्रम** | | |
| ४.३.१ | विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्नाको लागि घरदैलो कार्यक्रम प्रचार प्रसार, सूचना प्रवाह गरिएको। | सवल १ | नियमित गर्ने। |
| ४.३.२ | बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउँन छात्रवृत्तिको व्यवस्था भएको। | आंशिक ०.५ | बढाउँने र नियमित गर्ने। |
| ४.३.३ | अनौपचारिक शिक्षा कार्यक्रम लागु गराई साक्षर जिल्ला घोषणा भएको। | सबल १ | नियमित गर्ने। |
| ४.३.४ | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरीहरुको लागि प्याडको व्यवस्था भएको।<br>बालबालिकालाई यौनशिक्षा कार्यक्रम भएको। | सबल १ | सबै बिद्यालयमा बालबालिकालाई यौनशिक्षा कार्यक्रम कार्यान्वयन निरन्तर गर्नु पर्ने। |
| ४.४ | **खानेपानी तथा सरसफाई** | | |
| ४.४.१ | नगरपालिकामा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भएको। | आंशिक ०.५ | बढाउँने र नियमित गर्ने। |
| ४.४.२ | नगरपालिका खुला दिशामूक्त घोषणा भएको<br>करीब ९० प्रतिशत घरधुरीलाई खानेपानी पुगेको एक घर एक धारा तथा सौचालयको ब्यवस्था भएको। | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने। |
| ४.४.३ | फोहरको वर्गिकरण गरी बिसर्जन गर्ने गरिएको<br>प्राङ्गारिक मलको उत्पादन सम्बन्धि तालिम दिने गरिएको। | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने। |

| | | | |
|---|---|---|---|
| ४.४.४ | सफा पानीको सहज व्यवस्था रहेको। परम्परागत कुवाहरुको संरक्षण कार्य भएको। | सबल १ | परम्परागत कुवा र ईनारहरु भएमा यसको संरक्षण सुनिश्चित गर्नु । |
| ४.५ | **स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन** | | |
| ४.५.१ | हरेक वार्षिक बजेट विनियोजन गर्दा बेरोजगार र गरीबीको तथ्याङ्कलाई आधार लिई कार्यक्रम गरिएको छ। | सबल १ | उक्त कार्यलाई बढाउनु पर्ने। |
| ४.५.२ | महिला र विपन्न परिवारका सदस्यहरुको लागि रोजगारमूलक तथा सिपमूलक कार्यक्रमहरु गरेको। | आंशिक ०.५ | नगरपालिकाले महिला र बिपन्न बर्गको लागि रोजगारमूलक, सिपमूलक र आयआर्जनका कार्यक्रमहरु गर्नु पर्ने। |
| ४.५.३ | सामाजिक परिचालक तयार गर्ने कार्यक्रम नभएको । महिला स्वास्थ्य स्वयंसेवका आदि परिचालन गरिएको। | सबल १ | ग्रामिण महिला/पुरुष प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने कार्यक्रम गर्नु पर्ने । |
| ४.५.४ | गरीब र बञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापन नभएको । | आंशिक ०.५ | विपन्न बर्गहरु लाभान्वित हुने गरी सुपथमूल्यको व्यवस्था गर्नु पर्ने। |
| ५. | **सुशासन तथा उत्तरदायित्व** | | |
| ५.१ | **सुशासन** | | |
| ५.१.१ | कार्यपालिका तथा नगरसभावाट नीति तथा कानुन जारी गरी काम काज गर्ने गरेको। | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने। |
| ५.१.२ | सबै कार्यक्रम नियमित भएको। | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने। |
| ५.१.३ | महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्वटा प्रतिबद्धताहरुको क्षेत्र भित्रका कार्यक्रम तयार गरी कार्यान्वयन भएको। | सबल १ | बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु कार्यान्वयन प्रारम्भ गर्नु पर्ने। |
| ५.१.४ | नगरपालिकामा संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरु लागु भएको। | आंशिक ०.५ | नगरपालिकामा संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरु बनाई लागु गर्नु पर्ने। |
| ५.२ | **उत्तरदायित्व र जवाफदेहिता** | | |

| | | | |
|---|---|---|---|
| ५.२.१ | नगरपालिकाले कार्यक्रमको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने गरेको। पत्रकार भेटघाट र सूचना सार्वजनिकीकरण भएको। | सबल १ | यस्ता प्रकारका कार्यक्रमहरुलाई नियमित गर्नु पर्ने। |
| ५.२.२ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदिमा लक्षित बर्गको उपस्थिति रहेको। | सबल १ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदिमा लक्षित वर्गको उपस्थितिलाई निरन्तरता दिनु पर्ने। |
| ५.२.३ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित बर्गले गरेको गुनासोको पूर्ण रुपमा सम्बोधन हुने गरेको। | सबल १ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट प्राप्त सूझावहरुको सम्बोधन गर्ने कार्यमा निरन्तरता दिनु पर्ने। |
| ५.२.४ | नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको। | आंशिक ०.५ | यस कार्यलाई प्रभावकारी बनाई लागु गर्नु पर्ने |
| ५.३ | **सूचना तथा सञ्चार** | | |
| ५.३.१ | सबै लक्षित बर्गले थाहा पाउँने गरी सार्वजनिक गर्ने गरेको। | सबल १ | यस कार्यलाई नियमित गर्नु पर्ने। |
| ५.३.२ | यस कार्यक्रममा बजेट बिनियोजन भएको। स्थानीय भाषाको समस्या नरहेको। | आंशिक ०.५ | यस कार्यलाई नियमित गर्नु पर्ने। |
| ५.३.३ | लैंगिक हिंसा बिरुद्ध, समावेशीता जस्ता बिषयमा सूचना प्रवाह भएको। | सबल १ | आवश्यकताको आंकलन गरी सूचना प्रवाह गर्नु पर्ने। |
| ५.३.४ | महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपांगता भएको ब्यक्तिहरु जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतना बृद्धि भएको। | आंशिक ०.५ | महिला, बालबालिका र सबै लक्षित बर्गको लागि सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रम अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने। |
| ५.४ | **अनुगमन र मूल्यांकन** | | |

| | | | |
|---|---|---|---|
| ५.४.१ | नगरपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको। | आंशिक ०.५ | नगरपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पूर्ण लाभ प्राप्ति गरेको सुनिश्चित गर्न नियमित अनुगमन गर्ने साथै अनुगमनमा सूचकहरु पनि समावेश गर्ने । |
| ५.४.२ | कार्यक्रमहरुको अनुगमन मूल्यांकन र सो कार्यमा लैससास दृष्टिकोणको प्रयोग गरिएको।<br>कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव बिश्लेषण गर्ने गरेको। | आंशिक ०.५ | अनुगमन तथा मूल्यांकन गर्दा अनिवार्य लैससास दृष्टिकोणको प्रयोग गर्नु पर्ने। |
| ५.४.३ | समिक्षा बैठकमा महिला, बालबालिका, बिपन्न बर्ग लक्षित कार्यक्रममाथि छलफल गर्ने गरेको। | आंशिक ०.५ | यस कार्यलाई बनाउँनु पर्ने। |
| ५.४.४ | अनुगमन तथा मूल्यांकनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा प्रयोग भएको पाईयो । | आंशिक ०.५ | अनुगमन तथा मूल्यांकनबाट सिकेका पाठहरुको लिखित प्रतिवेदन तयार गर्ने र कार्यक्रम वा योजना तयार गर्दा पूर्णरुपमा यसको सम्बोधन गर्नु पर्ने । |
| ५.५ | **समन्वय र सम्बन्ध विस्तार** | | |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको। | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने। |
| ५.५.२ | लैससास विकासको लागि सञ्जाल गठन भएको छैन ।<br>सञ्जालमा हुने काम भएको। | आंशिक ०.५ | लैससास विकासको लागि सम्बन्धित निकायहरु बिच सञ्जाल सदस्य बनी कार्य प्रारम्भ गर्नु पर्ने। |
| ५.५.३ | सञ्जाल गठन र तालिम जस्ता कार्य भएको छ ।<br>सञ्जालकै हैसियतमा तालिम भएको छैन। | आंशिक ०.५ | लैससास विकासको लागि सम्बन्धित निकायहरु बिच सञ्जाल गठन गरी क्षमता विकास तालिमहरु सञ्चालन गर्ने। |

| | | | |
|---|---|---|---|
| **५.५.४** | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने गरेको। | आंशिक **०.५** | उक्त कार्यलाई बढाउनु पर्ने । |

## ३.४ अवसर र चुनौतिहरु

यस नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका अवसर र चुनौतिहरु रहेको अवगत भएको छः

### ३.४.१ अवसरहरु

क) लैंगिक समानता तथा समाजिक समावेशीकरणको अवधारणालाई नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य संघीय तथा प्रादेशका नीति र कानुनहरुले आत्मसात गरी कानुन लागु गरेको।

ख) स्थानीय नीति, ऐन र कार्यविधिहरु तयारी र लागु गर्ने अधिकार स्थानीय तहलाई भएको ले लैससास विकासका कार्यहरुलाई स्थान र समय सापेक्ष नीति, ऐन र कार्यविधिहरु लागु गर्ने अवसर रहेको।

ग) नगरपालिका श्रोत सम्पन्न भएकोले कार्यक्रमहरुको लागि बजेट व्यवस्था गर्न सहज भएको।

### ३.४.१ चुनौतिहरु

क) नगरपालिकाको बजेट पुर्वाधार विकासमा अलि बढि रहेकोले लैससास क्षेत्रमा एक निश्चित र नियमित प्रतिशत बजेट विनियोजन गर्ने नीति कार्यान्वयन गर्न चुनौति रहेको।

ख) महिला तथा बञ्चितिकरणमा परेका समुदायको लागि टोल वा बस्ती स्तरमा कार्यक्रमहरु लैजानको लागि थप कार्यक्रम बजेटको आवश्यकता देखिएको।

ग) जनप्रतिनिधिहरु र कर्मचारीहरुमा लैससास सम्बन्धिको समाज बुझाइ र यसको कार्यान्वयन सम्बन्धमा उत्तिकै सचेतना र क्षमता विकास गर्नु चुनौतिको रुपमा रहेको।

# भाग – ४

# निष्कर्ष र सूझावहरु

## ४.१ निष्कर्ष

यस नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससासण) परीक्षणको क्रममा नगरपालिकाले जारी गरेका स्थानीय नीति, ऐन, कार्यविधिहरु तथा अन्य कानुनी व्यवस्थाहरुको अध्ययन, बार्षिक नीति, कार्यक्रम तथा बजेट किताब र आवधिक बार्षिक प्रगति प्रतिवेदनहरुको अध्ययन गरी सहभागितामूलक बिधिवाट सबै पदाधिकारी तथा कर्मचारीहरुको संलग्नतामा परीक्षण कार्य सम्पन्न गरिएको थियो । यस क्रममा नगरपालिकाले लैससासको क्षेत्रमा महत्वपूर्ण नीतिगत व्यवस्थाहरु तथा कार्यक्रमहरु कार्यान्वयन गरेको पाईयो । **नगरपालिकाले समग्रमा ७४ अंक हाँसिल गरेको छ** । लैससासको हकमा नगरपालिकाले नीति तथा कानुनहरु लागु गरेको पाईएको छ। लैससास परीक्षणका १०० उपसूचकहरुमा राम्रो प्रगति देखिएका उपसूचकहरुलाई निरन्तरता तथा अध्यावधिक गर्दै लैजानु पर्ने, आंशिक र न्यून प्रगति भएका उपसूचकहरुमा नगरपालिकाले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसकारण यस प्रतिवेदनमा मार्गदर्शनको रुपमा कार्ययोजना समेत तयार गरी समावेश गरिएको छ। चालु तथा आगामी आर्थिक वर्षहरुमा लैससास परीक्षणले देखाएका क्षेत्रहरु र सुझावहरुलाई कार्यान्वयन गरी लैससासमैत्री नगरपालिकाको रुपमा विकास हुने अपेक्षा गरिएको छ।

## ४.२ सूझावहरु

यस नगरपालिकाको लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा प्राप्त भएका तथ्य र तथ्यांक तथा अभ्यासहरुको आधारमा देहाय अनुसारका सूझावहरु पेश गरिएको छः

क) नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने कार्यलाई अझ बढी प्रभावकारी बनाउँनु पर्ने।

ख) नगरपालिकाले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निश्चित प्रतिशत बिनियोजन गर्ने व्यवस्था गर्नु पर्ने ।

ग) दिगो विकास लक्ष्य ५ स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन गर्नु पर्ने ।

घ) नगरपालिकाको क्षमता बिकास योजना लैससास अवधारणा सहित तयारी तथा कार्यान्वयन हुनु पर्ने ।

ङ) लैससास बजेट परीक्षण नियमित रुपमा गरी उक्त परीक्षणले औल्याएका सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने ।

च) नगरपालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीहरुमा महिलाहरुको समान सहभागिताको लागि नीतिगत व्यवस्था गरी लागु गर्नु पर्ने ।

छ) लैंगिक विकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र कार्यशर्त र जिम्मेवारी सहित व्यवस्था गर्नु पर्ने ।

ज) नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्नु पर्ने ।

झ) महिला बिकास,महिला सिप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गर्नु पर्ने ।

ञ) महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता नीतिगत रुपमा लागु गर्नु पर्ने ।

ट) बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने ।

ठ) महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय तहको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुलाई स्थानीयकरण गरी नियमित रकम बिनियोजन तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

## ३.५ लैंगिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

**तालिका ६: लैंगिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना**

| क्र सं | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| **१** | **नीति कानुन र योजना** | | | | | | |
| **१.१** | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | | | | | | |
| **१.१.१** | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण गर्ने र परिचालन गर्ने। | नगर प्रमुख प्र प्र अ | नगर सभा | प्र प्र अ प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| **१.१.२** | नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने। | नगर प्रमुख प्र प्र अ र विषयगत शाखा | नगर सभा | प्र प्र अ प्रशासन शाखा | आवश्यकता अनुसार | | √ |
| **१.१.४** | लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलगै नीति तयार गरी लागु गर्ने। | नगर प्रमुख प्र प्र अ र विषयगत शाखा | | प्र प्र अ प्रशासन शाखा | आवश्यकता अनुसार | √ | |
| **१.१.५** | नगरपालिकाको ऐन नियम तथा कार्यबिधिमा महिला तथा लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु रोक्न बनेका | नगर प्रमुख प्र प्र अ र नगर | | प्र प्र अ प्रशासन शाखा | आवश्यकता अनुसार | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रावधानहरुको समिक्षा गरी तथा पुनरावलोकन गर्ने। | प्रमुख<br>प्र प्र अ र<br>विषयगत<br>शाखा | | | | | |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने स्थानीय नीति लागु गर्ने। | प्रमुख<br>प्र प्र अ र<br>विषयगत<br>शाखा | | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | | |
| १.२.१ | बार्षिक र आवधिक योजनाका उपलब्धी लक्ष्य अनुसारका कार्यक्रमहरु गर्ने। | योजना शाखा | | प्र प्र अ<br>योजना शाखा | आ व २०८१/८२ | | √ |
| १.२.२ | नगरपालिकाले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निस्चित प्रतिशत बिनियोजन गर्ने। | योजना शाखा | | प्र प्र अ<br>योजना शाखा | आ व २०८१/८२ | | √ |
| १.२.३ | योजना तर्जुमा प्रक्रियामा बस्ती स्तरीय भेलावाट योजना संकलन गर्ने नीतिगत ब्यवस्था र कार्यान्वयन नियमित गर्ने। | योजना शाखा | | प्र प अ<br>योजना शाखा | आ व २०८१/८२ | √ | |
| १.२.४ | लैंगिक तथा सामाजिक समावेशीकरणको बिषयमा सचेतिकरण गरी ब्यवहारिक रणनीतिक आवश्यकता पहिचानको साथै योजना तयारी गर्ने। | योजना शाखा | | प्र प्र अ<br>योजना शाखा | आ व २०८१/८२ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने। | योजना शाखा | | प्र प्र अ<br>योजना शाखा | आ व २०८१/८२ | | √ |
| १.२.६ | दिगो बिकास लक्ष्य ५ स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन गर्ने। | योजना शाखा | | प्र प्र अ<br>योजना शाखा | आ व २०८१/८२ | √ | |
| १.२.७ | स्थानीय तहको योजना महिला, बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगे नपुगेको मूल्यांकन गर्ने। | योजना शाखा | | प्र प अ<br>योजना शाखा | आ व २०८१/८२ | √ | |
| १.३ | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | | | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा पहिले लक्षित वर्गका समुहहरुसंग छलफल गरी समस्याहरु केलाउँने र कार्यक्रमहरु पहिचान गर्ने कार्यलाई नियमित गर्ने। | योजना शाखा | | प्र प्र अ<br>योजना शाखा | आ व २०८१/८२ | √ | |
| १.३.२ | लैससास बजेट परीक्षण वार्षिक रुपमा हरेक आ ब को प्रथम चौमासिकमा गर्ने।<br>नगरपालिकाको क्षमता बिकास योजना तयारी तथा कार्यान्वयन गर्ने। | विषयगत शाखा | | प्र प्र अ<br>विषयगत शाखा | हरेक आ ब मा | √ | |
| १.३.३ | लैससास बजेट परीक्षण नियमित रुपमा गरी उक्त परीक्षणले औल्याएका सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्ने। | विषयगत शाखा | | प्र प्र अ<br>विषयगत शाखा | हरेक आ व मा | √ | |
| १.३.४ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने ऐन लागु गर्ने। | योजना शाखा | | प्र प्र अ<br>योजना शाखा | आ व २०८१/८२ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **संस्थागत ब्यवस्था** | | | | | | |
| २.१ | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | | | | |
| २.१.१ | नगरपालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीहरुमा महिलाहरुको समान सहभागिताको लागि नीतिगत ब्यवस्था गरी लागु गर्ने। | नगरपालिका प्रमुख<br>प्र प्र अ | नगरसभा | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.१.२ | समानुपातिक सहभागिताको लागि स्थानीय नीति लागु गर्ने। | नगरपालिका प्रमुख<br>प्र प्र अ | नगरसभा | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.१.३ | महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने नीतिगत ब्यवस्था लागु गर्ने। | नगरपालिका प्रमुख<br>प्र प्र अ | नगरसभा | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.१.४ | नगरपालिकाले स्थानीय स्तरमा सकारात्मक बिभेद नीति तयारी र कार्यान्वयन गर्ने। | नगरपालिका प्रमुख<br>प्र प्र अ | नगरपालिका प्रमुख<br>प्र प्र अ | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.२ | **कार्यप्रणाली समावेशी** | | | | | | |
| २.२.१ | लैससास स्थानीय कार्यनीति तयारी र कार्यान्वयन गर्ने। | नगरपालिका प्रमुख<br>प्र प्र अ<br>विषयगत शाखा | नगरपालिका प्रमुख<br>प्र प्र अ | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२.२ | लैंगिक बिकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र कार्यशर्त र जिम्मेवारी किटान सहित ब्यवस्था गर्ने । | नगरपालिका प्रमुख प्र प्र अ विषयगत शाखा | नगरपालिका प्रमुख प्र प्र अ | प्र प्र अ प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.२.३ | नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्ने । | नगरपालिका प्रमुख प्र प्र अ विषयगत शाखा | नगरपालिका प्रमुख प्र प्र अ | प्र प्र अ प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.२.४ | नगरपालिकामा लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने । | नगरपालिका प्रमुख प्र प्र अ विषयगत शाखा | नगरपालिका प्रमुख प्र प्र अ | प्र प्र अ प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | | | |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने ब्यवस्था लागु गर्ने । | नगरपालिका प्रमुख प्र प्र अ विषयगत शाखा | नगरपालिका प्रमुख प्र प्र अ | प्र प्र अ प्रशासन शाखा | आ व २०८१/८२ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३.४ | समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन गर्ने। | नगरपालिका प्रमुख<br>प्र प्र अ<br>विषयगत शाखा | नगरपालिका प्रमुख<br>प्र प्र अ | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.४ | **वित्त ब्यवस्थापन प्रणालीमा समावेशीता** | | | | | | |
| २.४.१ | महिला विकास,महिला सिप बिकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गर्नु पर्ने। | नगरपालिका प्रमुख<br>प्र प्र अ<br>विषयगत शाखा | नगरपालिका प्रमुख<br>प्र प्र अ | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.४.३ | नगरपालिकामा लैंगिक डेस्क र आवश्यक मानव श्रोत थप ब्यवस्था गर्ने । | नगरपालिका प्रमुख<br>प्र प्र अ<br>विषयगत शाखा | नगरपालिका प्रमुख<br>प्र प्र अ | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| २.५ | **तथ्याङ्क संकलन तथा ब्यवस्थापन** | | | | | | |
| २.५.२ | नगरपालिकामा गरीबी र बेरोजगारी तथ्यांक र नक्साङकन गरी हरेक आ ब मा अध्यावधिक गर्ने। | सूचना शाखा | नगरपालिका प्रमुख<br>प्र प्र अ | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| ३. | **मानव संसाधन तथा क्षमता बिकास** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **३.१** | **मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| ३.१.१ | लैंगिक तथा समावेशी बिकासको क्षमता बिकास कार्ययोजना तयारी तथा लागु गर्ने। | विषयगत शाखा | | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | निरन्तर | √ | |
| ३.१.२ | लैंगिक समावेशी बिकास र लैंगिक हिंसा सम्बन्धी तालिमलाई नियमित गर्ने समान सहभागिताको सुनिस्चितता गर्ने। | | | | निरन्तर | | |
| ३.१.५ | नगरपालिकामा लैससासको क्षेत्रमा तालिम दिन मानब श्रोत थप गर्ने। | विषयगत शाखा | | विषयगत शाखा | निरन्तर | √ | |
| ३.१.७ | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम नियमित गर्ने। | योजना शाखा | | प्र प अ<br>योजना शाखा | निरन्तर | √ | |
| ३.१.८ | पदाधिकारी र कर्मचारीहरुलाई बैईजिङ घोषणापत्र बारेमा अभिमूखिकरण कार्यक्रम निरन्तरता दिने। | विषयगत शाखा | | प्र प्र अ<br>विषयगत शाखा | निरन्तर | √ | |
| **३.२** | **अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना** | | | | | | |
| ३.२.१ | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरुमा बजैट बिनियोजन र कार्यान्वयन निरन्तर गर्ने। | विषयगत शाखा | नगरपालिका प्रमुख | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | निरन्तर | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२.२ | लैंगिक हिंसा रहित नगरपालिका घोषणाको तयारी प्रारम्भ गर्ने।<br>महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता नीतिगत रुपमा लागु गर्ने। | विषयगत शाखा | | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | आ ब २०८१/८२ | √ | |
| ३.२.३ | महिला हिंसा निर्मूल गर्ने सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्ने। | विषयगत शाखा | | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | निरन्तर | √ | |
| ३.२.४ | सामाजिक कुरीति हटाउँने सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्ने। | विषयगत शाखा | | प्र प अ<br>सा बि शाखा<br>म बा शाखा | निरन्तर | √ | |
| ३.३ | **कानुनी साक्षरता** | | | | | | |
| ३.३.२ | पदाधिकारी र सम्बन्धित कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया, समस्याहरुको पहिचान र कानुनीरुपमा समाधान सम्बन्धमा अभिमूखिकरण गर्ने। | विषयगत शाखा | नगरपालिका प्रमुख | प्र प्र अ<br>सा बि शाखा | निरन्तर | √ | |
| ३.३.३ | महिलाहरुलाई कानुनी शिक्षा सम्बन्धि कार्यक्रमहरु निरन्तर गर्ने। | विषयगत शाखा | नगरपालिका प्रमुख | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | निरन्तर | √ | |
| ३.३.४ | वडा र बस्ती तहमा महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु निरन्तर गर्ने। | विषयगत शाखा | | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | निरन्तर | √ | |
| ३.४ | **विपद ब्यवस्थापनमा समावेशीकरण** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.४.१ | कार्यबिधि तयार गर्दा सरोकारवालासंग छलफल गरी पारित गर्ने र कार्यान्वयन गर्ने कार्य निरन्तर गर्ने । | विषयगत | | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | निरन्तर | √ | |
| ३.४.३ | यस कार्यमा महिला र पूरुषहरुलाई समान प्राथमिकताको आधारमा सहभागिता नियमित गराउँने । | विषयगत | | | निरन्तर | | |
| ३.४.४ | कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने ब्यवस्था लागु गर्ने । | विषयगत | | प्र प अ<br>विषयगत शाखा | निरन्तर | √ | |
| ४. | **सेवा प्रवाह** | विषयगत | | | | | |
| ४.१ | **पूर्वाधार बिकास** | | | | | | |
| ४.१.१ | भवन तथा अन्य संरचनाहरुमा लैंगिक, बाल र अपांग मैत्री प्रावधान पूर्णरुपमा लागु गर्ने । | पुर्वाधार शाखा | | प्र प्र अ<br>पूर्वाधार शाखा | आ व २०८१/८२ | √ | |
| ४.१.२ | भवन तथा अन्य संरचनाहरुमा लैंगिक, बाल र अपांग मैत्री प्रावधान पूर्णरुपमा लागु गर्ने । | पूर्वाधार शाखा | | प्र प्र अ<br>पूर्वाधार शाखा | आ व २०८१/८२ | √ | |
| ४.१.४ | नगरपालिकाले परम्परागत तथा आधुनिक उर्जाको प्रयोगमा प्रोत्साहन कार्य सबै नगरबासीको लागि कार्यान्वयन गर्ने र महिला तथा बिपन्न समुदायको लागि यो कार्यक्रम बिशेष प्राथमिकताका साथ लैजाने । | विपद तथा वातावरण शाखा | | प्र प्र अ<br>वातावरण शाखा | निरन्तर | √ | |
| ४.२ | **प्रजनन स्वास्थ्य** | | | | | | |
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउँने सम्बन्धी ब्यवस्था गर्ने । | विषयगत शाखा | | प्र प्र अ<br>म बा शाखा | आ व २०८१/८२ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.२.२ | नगरपालिकाको सबै कार्यालयहरु र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानको लागि अलग्गै कक्ष र बच्चाको आमालाई उक्त समय दिने ब्यवस्था अझ ब्यवस्थित गर्ने । | महिला तथा बालबालिका शाखा | नगरपालिका प्रमुख | प्र प्र अ<br>म बा शाखा | आ व २०८१/८२ | √ | |
| ४.२.४ | नगरपालिकावाट महिला र बिपन्न बर्गको स्वास्थ्य बिमामा सहजिकरण र सहयोगका कार्यहरु निरन्तर गर्ने । | योजना शाखा, र महिला शाखा | नगरपालिका प्रमुख | प्र प्र अ<br>योजना शाखा, सा बि शाखा र म बा शाखा | आ व २०८१/८२ | √ | |
| ४.३ | **शिक्षा कार्यक्रम** | | | | | | |
| ४.३.४ | सबै विद्यालयमा बालबालिकालाई यौनशिक्षा कार्यक्रम कार्यान्वयन निरन्तर गर्ने । | योजना शाखा<br>शिक्षा शाखा | | प्र प्र अ<br>योजना शाखा<br>शिक्षा शाखा | आ व २०८१/८२ | √ | |
| ४.४ | **खानेपानी तथा सरसफाई** | | | | | | |
| ४.४.४ | परम्परागत कुवा र ईनारहरुको संरक्षण बढाउँने । | | | | | | |
| ४.५ | **स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन** | | | | | | |
| ४.५.२ | नगरपालिकाले महिला र बिपन्न बर्गको लागि रोजगारमूलक, सिपमूलक र आयआर्जनका कार्यक्रमहरु गर्ने । | सूचना शाखा<br>योजना शाखा<br>महिला शाखा | | प्र प्र अ<br>सूचना शाखा<br>योजना शाखा<br>सा बि शाखा | आ व २०८१/८२ | √ | |
| ४.५.३ | ग्रामिण महिला/पुरुष प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने कार्यक्रम गर्ने । | योजना शाखा र महिला शाखा | | प्र प्र अ<br>महिला शाखा | आ व २०८१/८२ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.५.४ | बिपन्न बर्गहरु लाभान्वित हुने गरी सुपथमूल्य सहकारीहरु सञ्चालन गर्ने। | योजना शाखा<br>सा बि शाखा | पालिका प्रमुख | प्र प्र अ<br>योजना शाखा<br>सा बि शाखा | आ व २०८१/८२ | √ | |
| ५. | **सुशासन तथा उत्तरदायित्व** | | | | | | |
| ५.१ | **सुशासन** | | | | | | |
| ५.१.२ | भ्रष्टचार बिरुद्ध नीति तथा कार्यक्रम ल्याउँने। | नगरपालिका प्रमुख<br>प्र प्र अ | | प्र प्र अ<br>प्रशासन शाखा | आ व २०८१/८२ | | √ |
| ५.१.३ | बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु कार्यान्वयन प्रारम्भ गर्ने। | महिला शाखा | | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | आ व २०८१/८२ | √ | |
| ५.१.४ | नगरपालिकामा संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरु बनाई लागु गर्ने। | सा बि शाखा र म बा शाखा | | प्र प्र अ<br>सा बि शाखा<br>म बा शाखा | आ व २०८१/८२ | √ | |
| ५.२ | **उत्तरदायित्व र जवाफदेहिता** | | | | | | |
| ५.२.२ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदिमा लक्षित बर्गको उपस्थितिलाई निरन्तरता दिने। | सामाजिक विकास शाखा र सूचना शाखा | | प्र प्र अ<br>सामाजिक बिकास शाखा र सूचना शाखा | आ व २०८१/८२ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट प्राप्त सूझावहरुको सम्बोधन गर्ने कार्यमा निरन्तरता दिने । | सामाजिक बिकास शाखा | | प्र प्र अ सामाजिक बिकास शाखा | आ व २०८१/८२ | | √ |
| ५.३ | **सूचना तथा सञ्चार** | | | | | | |
| ५.३.४ | महिला, बालबालिका र सबै लक्षित बर्गको लागि सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रम अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | सूचना शाखा महिला शाखा | | प्र प्र अ सूचना शाखा महिला शाखा | आ व २०८१/८२ | √ | |
| ५.४ | **अनुगमन र मूल्यांकन** | | | | | | |
| ५.४.१ | नगरपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पूर्ण लाभ प्राप्तिको लागि अनुगमन गर्ने। | योजना शाखा र सूचना शाखा | | प्र प अ योजना शाखा र सूचना शाखा | आ व २०८१/८२ | □ | √ |
| ५.४.४ | अनुगमन तथा मूल्यांकनवाट सिकेका पाठहरुको लिखित प्रतिवेदन तयार गर्ने र कार्यक्रम वा योजना तयार गर्दा पूर्णरुपमा उपयोग गर्ने। | योजना शाखा र सूचना शाखा | | प्र प अ योजना शाखा र सूचना शाखा | असार मसा आ व २०८१/८२ | | √ |
| ५.५ | **समन्वय र सम्बन्ध बिस्तार** | | | | | | |
| ५.५.२ | लैससास बिकासको लागि सम्बन्धित निकायहरु बिच सञ्जाल सदस्य बनी कार्य प्रारम्भ गर्ने। | महिला शाखा | | प्र प्र अ सा बि शाखा | आ व २०८१/८२ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.५.३ | लैससास विकासको लागि सम्बन्धित निकायहरु बिच सञ्जाल गठन गरी क्षमता बिकास तालिमहरु सञ्चालन गर्ने। | सा बि शाखा | पालिका प्रमुख | प्र प्र अ<br>सा बि शाखा | आ व २०८१/८२ | √ | |
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने । | योजना शाखा र सा बि शाखा | पालिका प्रमुख | प्र प्र अ<br>योजना शाखा र सा बि शाखा | आ व २०८१/८२ | √ | |

सहभागीहरुको हाजिरी बिवरण